# आर.वि.वि. सेक्युरिटीज कम्पनी लिमिटेड

## करार सेवाको लागि दरखास्त फाराम भर्ने सम्बन्धी

## सूचना

मिति : २०८२।०९।०३

यस कम्पनीको सञ्चालक समितिको निर्णयानुसार करार सेवाको निम्न पदमा पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८२।०९।०३ गते देखि दरखास्त फाराम आह्वान गरिएको छ । कम्पनीले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु र पासपोर्ट साईजको फोटो अनिवार्य रुपमा टाँस गरी यस कम्पनीको कार्यालयमा बुझाउन सकिनेछ ।

रीत नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव नभएको र तोकिएको समय भन्दा पछि प्राप्त भएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा कुनै संगठित संस्था वा बैंक / वित्तीय संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको, प्रचलित कानून अनुसार यस कम्पनीको कुनै पदमा नियुक्ति हुन अयोग्य हुने भनी तोकिएको व्यक्ति र बैंक/ वित्तीय संस्थाको ऋण नतिरी कालो सूचिमा परेको व्यक्तिको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ । परीक्षा दस्तुर Online मार्फत Mobile Banking वा e-Sewa बाट बुझाउन सकिनेछ ।

**तपसिल**

१) बिज्ञापन नं., कार्यालय, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| विज्ञापन नं. | पद | सेवा समूह | पद संख्या | सेवाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| १।२०८२।०८३ | प्रमुख संचालन अधिकृत | प्रशासन | १ | करार | मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापनमा स्नातकोतर वा सो सरहको उपाधि प्राप्त गरे पश्चात्<br>वा<br>The Institute of Chartered Accountants of Nepal (ICAN) वा The Institute of Chartered Accountants of India (ICAI) बाट चार्टर्ड एकाउन्टेन्टको सदस्यता प्राप्त गरे पश्चात्<br>लेखा, लेखा परीक्षण, व्यवस्थापन तथा धितोपत्र व्यवसायमा जम्मा गरि ३ वर्ष कार्य अनुभव भएको जसमध्ये कम्तीमा १ वर्ष धितोपत्र व्यवसायमा व्यवस्थापन तहमा अनिवार्य रुपमा मा काम गरेको अनुभव । |
| २।२०८२।०८३ | सहायक अधिकृत | प्रशासन | १ | करार | १. मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापनमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको ।<br>२. मर्चेन्ट बैंकिङ्ग वा धितोपत्र व्यवसाय वा वित्तीय क्षेत्रमा जम्मा गरी ३ वर्ष कार्य अनुभव भएको जसमध्ये धितोपत्र व्यवसाय तथा मर्चेन्ट बैंकिङ्गमा कम्तीमा २ वर्ष अनिवार्य काम गरेको अनुभव भएको । |
| ३।२०८२।०८३ | वरिष्ठ सहायक | प्रशासन | १ | करार | १. मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापनमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको ।<br>२. मर्चेन्ट बैंकिङ्ग वा धितोपत्र व्यवसाय वा वित्तीय क्षेत्रमा १ वर्ष काम गरेको अनुभव भएको । |
| ४।२०८२।०८३ | वरिष्ठ सहायक ( IT कर्मचारीको हकमा) | सूचना प्रविधि | १ | करार | १. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर इन्जिनियरिङ्ग, कम्प्युटर विज्ञान वा सूचना प्रविधि व्यवस्थापन विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको ।<br>२. मर्चेन्ट बैंकिङ्ग वा धितोपत्र व्यवसाय वा वित्तीय क्षेत्र वा सम्बन्धित क्षेत्रमा १ वर्ष काम गरेको अनुभव भएको । |
| ५।२०८२।०८३ | कनिष्ठ सहायक | प्रशासन | ३ | करार | १. प्रमाणपत्र तह वा १२ कक्षा सरह उतीर्ण भएको ।<br>न्यूनतम तीन महिना काम गरेको अनुभव भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ६।२०८२।०८३ | सवारी चालक | प्रशासन | १ | करार | १. कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको ।<br>२. नेपाल सरकारको सम्बन्धित निकायबाट "A" तथा "B" वर्गको चालक अनुमतिपत्र प्राप्त गरी नवीकरण भएको अवस्थामा रहेको ।<br>३. कम्तीमा २ बर्ष कार्य अनुभव भएको । |

(२) उम्मेदवारको उमेरको हद :– दरखास्त दिने अन्तिम मिति (अर्थात २०८२।०९।१७ गते) सम्ममा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (महिलाका हकमा ४० वर्ष सम्म उम्मेदवार हुन सक्नेछ ।)

(३) परीक्षाको किसिम, पदस्थापन र सेवा सुविधा : क) परीक्षाको किसिम : अनुभव, शैक्षिक योग्यता र अन्तर्वार्ता ।
ख) पदस्थापन : कम्पनीको कार्यालय ।
ग) सेवा सुविधा : कम्पनीले तोके बमोजिम ।

(४) दरखास्त फाराम भर्न आर.वि.वि. सेक्युरिटीज कम्पनी लिमिटेडको कार्यालय दरवारमार्गबाट लिन सकिनेछ साथै कम्पनीको वेव साइट https://www.rbbsecurities.com.np मा गई Print गरी निकाल्न समेत सकिनेछ ।

(५) फाराम दस्तुर :– प्रत्येक विज्ञापनका लागि फाराम दस्तुर बापत रु.२००।– बुझाउनु पर्नेछ ।

(६) दरखास्त फाराम बुझाउंदा राष्ट्रिय बाणिज्य बैंक लिमिटेडमा रहेको यस कम्पनीको खाता नम्बर १४३०१००००२९४२००१ मा फाराम दस्तुर बापत रकम जम्मा गरेको भौचर/ Online Payment Slip संलग्न राखी बुझाउनु पर्नेछ ।

(७) दरखास्त फाराम भर्ने मितिः– दरखास्त फाराम शुरु हुने मिति २०८२।०९।०३ गतेले १५ दिन (अर्थात मिति २०८२।०९।१७ गते कार्यालय समय) भित्र ।

(८) अन्तर्वार्ता सञ्चालन हुने स्थान र मिति :– सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

(९) माथि उल्लेखित विज्ञापनहरुमा काम गर्न इच्छुक जुनसुकै नेपाली नागरिकहरुले दरखास्त फाराम भर्न सक्नेछन् ।

(१०) शैक्षिक योग्यता, अनुभव, सेवा अवधि सम्बन्धी तथा अन्य आवश्यक पर्ने प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०८२।०९।१७) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

(११) आवेदन स्वीकृत, अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार कम्पनीलाई हुनेछ ।

(१२) दरखास्त फाराम भर्दा अस्पष्ट भएमा यस कम्पनीको टेलिफोन नं. ०१-५९२१८९५/९६ एक्सटेन्सन नं. : ८००३ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

सदस्य सचिव
अन्तर्वार्ता तथा छनौट समिति